# हल्दीवारी राजपत्र

हल्दीवारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) झापा, १ नं प्रदेश, नेपाल, फाल्गुण ७ गते २०७५ साल ( संख्या २१

## भाग २

हल्दीबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

झापा, १ नं प्रदेश नेपाल

हल्दीबारी गाउँ कार्यपालिकाले वनाएको तल लेखिए वमोजिमको " **युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७५**" सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७५ को ऐन/नियमावली/निर्देशिका/कार्यविधि नं २१

हल्दीवारी राजपत्र

# युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७५

**प्रस्तावना** : गाउँपालिका क्षेत्रभित्रका वडास्तरदेखी नै जनप्रतिनिधि युवा नेतृत्वमा सरोकारवाला युवाहरुको प्रतिनिधित्व युवा तथा खेलकुद विकास समिति मार्फत सुनिश्चित गर्दै गाउँ कार्यपालिका मातहतको सामाजिक विकास समितिको प्रत्यक्ष मातहत रहने गरी युवा तथा खेलकुद परिषद्को गठन गरी सोही परिषद् मार्फत युवा तथा खेलकुद सम्बन्धी गाउँपालिका स्तरीय नीति निर्माणदेखी कार्यान्वयन तहसम्म आवश्कता अनुसार उनीहरुलाई संलग्न गराई समग्र हल्दीबारीको सर्वाङ्गीण विकासको मुलप्रवाहमा युवालाई समावेश गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले,

हल्दीबारी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी हल्दीबारी गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ ।

### परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम **"युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७५"** रहेको छ ।

(२) यो कार्यविधि हल्दीबारी राजपत्रमा प्रकाशन भएपछि हल्दीबारी गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) **"अध्यक्ष"** भन्नाले यस कार्यविधिको नियम ६ बमोजिम गठन हुने परिषद्को अध्यक्षलाई सम्झनुपर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले हल्दीबारी गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(ग) **"कार्यालय"** भन्नाले हल्दीबारी गाँउ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

(घ) **"कार्यविधि"** भन्नाले युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७५ लाई सम्झनुपर्छ ।

(ङ) **"गाउँपालिका"** भन्नाले हल्दीबारी गाउँपालिकालाई सम्झनुपर्छ ।

(च) **"परिषद्"** भन्नाले कार्यविधिको नियम ६ बमोजिमको परिषद्लाई सम्झनुपर्छ ।

(छ) **"वडा"** भन्नाले हल्दीबारी गाउँपालिका मातहतको कुनै पनि वडालाई सम्झनुपर्छ ।

(ज) **"वडा समिति"** भन्नाले सम्बन्धित वडाको वडा समितिलाई सम्झनुपर्छ ।

(झ) **"वडाध्यक्ष"** भन्नाले हल्दीबारी गाउँपालिका मातहतको सम्बन्धित वडाका वडाध्यक्षलाई सम्झनुपर्छ ।

(ञ) **"वडा सचिव"** भन्नाले सम्बन्धित वडाको वडा सचिवलाई सम्झनुपर्छ ।

(ङ) **"समिति"** भन्नाले कार्यविधिको नियम ३ बमोजिम प्रत्येक वडामा गठन हुने युवा तथा खेलकुद विकास समितिलाई सम्झनुपर्छ ।

(ट) **"सदस्य"** भन्नाले यस कार्यविधि बमोजिम गठन हुने समिति तथा परिषद्का सदस्यलाई आवश्यकता अनुसार सम्झनुपर्छ ।

(ठ) **"सामाजिक विकास समिति"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सामाजिक क्षेत्र हेर्ने कार्यपालिका मातहतको सामाजिक विकास समितिलाई सम्झनुपर्छ ।

(ड) **“संयोजक”** भन्नाले यस कार्यविधिको नियम ३ बमोजिम गठन हुने युवा तथा खेलकुद विकास समितिका संयोजकलाई सम्झनुपर्छ ।

(ढ) **“युवा”** भन्नाले सोह्र वर्षदेखी चालीस वर्षसम्मको उमेर भएको व्यक्तिलाई सम्झनुपर्छ ।

**परिच्छेद २**

# युवा तथा खेलकुद विकास समिति सम्बन्धी व्यवस्था

३. **समितिको गठन** : (१) प्रत्येक वडामा युवा तथा खेलकुद सम्बन्धी योजना तथा कार्यक्रम सञ्चालन गर्ने काम समेतको लागि एक युवा तथा खेलकुद विकास समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) सम्बन्धित वडा समितिले तोकेको सम्बन्धित वडाको युवा जनप्रतिनिधिहरुमध्येबाट एकजना –संयोजक

(ख) खेलकुदको विभिन्न विधामा स्थापित संघसंस्था तथा व्यक्तित्वहरुमध्येबाट वडा समितिबाट मनोनित सातजना –सदस्य

(ग) युवाको हक, हितको संरक्षण र सम्वर्द्धन वा समाज सेवाको क्षेत्रमा विशेष योगदान पुर्याएका युवाहरुमध्येबाट वडा समितिबाट मनोनित चारजना –सदस्य

(घ) वडा सचिव वा निजले तोकेको कर्मचारी –सदस्य सचिव

(३) उपनियम (२) को खण्ड (ख) र (ग) बमोजिमका सदस्यहरुको मनोनयन समावेशी सिद्धान्तको आधारमा वडा समितिले गर्नेछ र त्यसरी मनोनयन गर्दा सकभर पचास प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित गराइनेछ ।

(४) मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै मनोनित सदस्यले आफ्नो पद अनुरुपको आचरण नगरेको वा जिम्मेवारी पूरा नगरेको भनी समितिको बहुमत सदस्यले ठहर गरी वडा समितिमा सिफारिश गरेमा वडा समितिले त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ । तर, पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

४. **समितिको बैठक र निर्णय** : (१) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक सम्बन्धित वडा कार्यालयमा बस्नेछ ।

(२) संयोजकले तोकेको मिति र समयमा समितिको बैठक बस्नेछ ।

(३) समितिको बैठक हुनुभन्दा कम्तीमा चौविस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसुची सहितको सूचना सदस्य सचिवले सबै सदस्यहरुलाई दिनेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरुको उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गरी राख्नेछ ।

(७) समितिको बैठकमा संरक्षकलाई अनिवार्य आमन्त्रण गर्नु पर्नेछ ।

५. **समितिको काम, कर्तव्य र अधिकार** : यस कार्यविधिको अन्यत्र नियममा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) युवा तथा खेलकुद लक्षित वडास्तरीय कार्यक्रमहरुको तर्जुमा गरी वडा समितिमा पेश गर्ने ।
(ख) वडाभित्र क्रियाशील विभिन्न युवा तथा खेलकुदसँग सम्बन्धित संघ संस्थाहरुवीच आवश्यक समन्वय एवम् सहजीकरण गर्दै त्यस्ता संघसंस्थाहरुको कामकारवाहीमा रेखदेख तथा नियमन समेत गर्ने ।
(ग) खेलकुदका विभिन्न विधामा वडास्तरीय टिमको छनोट गर्ने ।
(घ) वडाभित्रका युवाहरुलाई उद्यमशील बनाउनका लागि आवश्यक क्षेत्र पहिचान गरी वडा समितिमा सिफारिश गर्ने ।
(ङ) युवालाई विकासको मुल प्रवाहमा परिचालन गर्न अभियानमुलक कार्य सञ्चालन गर्ने, गराउने ।
(च) युवालाई विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा स्वयंसेवकको रुपमा परिचालन गर्ने, गराउने ।
(छ) युवा सम्बन्धी संघ संस्थाको क्षमता अभिवृद्धि गर्ने, गराउने ।
(ज) कार्यपालिका तथा वडा समितिले तोकेको अन्य कार्य गर्ने, गराउने ।

**परिच्छेद ३**

# युवा तथा खेलकुद परिषद् सम्बन्धी व्यवस्था

६. **परिषद्को गठन** : (१) कार्यपालिका मातहतको सामाजिक विकास समितिको प्रत्यक्ष मातहतमा रहने गरी गाउँपालिका स्तरीय एक युवा तथा खेलकुद परिषद्को गठन देहाय बमोजिम हुनेछ :
(क) सबै वडाका समितिका संयोजकहरुमध्येबाट आफूले छानेको एकजना -अध्यक्ष
(ख) सबै वडाका युवा तथा खेलकुद विकास समितिका संयोजक -सदस्य
(ग) खेलकुदको विभिन्न विधामा स्थापित संघसंस्था तथा व्यक्तित्वहरुमध्येबाट कार्यपालिकाबाट मनोनित सातजना –सदस्य
(घ) युवाको हक, हितको संरक्षण र सम्वर्द्धन वा समाज सेवाको क्षेत्रमा विशेष योगदान पुर्याएका युवाहरुमध्येबाट कार्यपालिकाबाट मनोनित सातजना –सदस्य
(ङ) कार्यालयको सामाजिक विकास शाखा हेर्ने प्रमुख वा निजले तोकेको कर्मचारी –सदस्य सचिव
(२) उपनियम (१) को खण्ड (ग) र (घ) बमोजिमका सदस्यहरुको मनोनयन समावेशी सिद्धान्तको आधारमा कार्यपालिकाले गर्नेछ र त्यसरी मनोनयन गर्दा सकभर पचास प्रतिशत महिलाको प्रतिनिधित्व गराइनेछ ।
(३) मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।
(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै मनोनित सदस्यले आफ्नो पद अनुरुपको आचरण नगरेको वा जिम्मेवारी पूरा नगरेको भनी परिषद्को बहुमत सदस्यले ठहर गरी सामाजिक विकास समिति मार्फत कार्यपालिकामा सिफारिश गरेमा कार्यपालिकाले त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ । तर, पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

७. **परिषद्को बैठक र निर्णय** : (१) परिषद्को बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ ।
(२) अध्यक्षले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।
(३) परिषद्को बैठक हुनुभन्दा कम्तीमा चौविस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसुची सहितको सूचना सदस्य सचिवले सदस्यहरुलाई दिनेछ ।
(४) परिषद्को कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरुको उपस्थित भएमा परिषद्को बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) परिषद्को बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गरी राख्नेछ ।

(७) परिषद्को बैठकमा संरक्षकलाई अनिवार्य आमन्त्रण गर्नु पर्नेछ ।

८. **परिषद्को काम, कर्तव्य र अधिकार** : यस कार्यविधिको अन्यत्र नियममा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) युवा तथा खेलकुद सम्बन्धी गाउँपालिकास्तरीय दीर्घकालिन नीतिको मस्यौदा तर्जुमा गरी सामाजिक विकास समितिमा पेश गर्ने ।

(ख) युवा तथा खेलकुद लक्षित गाउँपालिकास्तरीय वार्षिक कार्यक्रमहरुको तर्जुमा गरी सामाजिक विकास समितिमा पेश गर्ने ।

(ग) गाउँपालिका क्षेत्रभित्र क्रियाशील विभिन्न युवा तथा खेलकुदसँग सम्बन्धित संघ संस्थाहरुलाई गाउँपालिकामा सुचीकृत गर्ने र उल्लिखित संस्थाहरुको काम कारवाहीको रेखदेख तथा नियमन गर्ने ।

(घ) खेलकुदका विभिन्न विधामा गाउँपालिकास्तरीय टिमको छनोट गर्ने ।

(ङ) गाउँपालिका क्षेत्रभित्रका युवाहरुलाई उद्यमशील बनाउनका लागि आवश्यक क्षेत्र पहिचान गरी सामाजिक विकास समितिमा सिफारिश गर्ने ।

(च) गाउँपालिका क्षेत्रभित्रका युवाहरुलाई विकासको मुल प्रवाहमा परिचालन गर्न अभियानमुलक कार्य सञ्चालन गर्ने, गराउने ।

(छ) युवा विकास, सशक्तीकरण एवम् मूलप्रवाहीकरण सम्बन्धी विषयमा सामाजिक विकास समितिमा सिफारिश गर्ने ।

(ज) गाउँपालिका क्षेत्रभित्रका युवाहरुलाई विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा स्वयंसेवकको रुपमा परिचालन गर्ने, गराउने ।

(झ) गाउँपालिकामा सुचीकृत युवा तथा खेलकुद सम्बन्धी संघ संस्थाको क्षमता अभिवृद्धि गर्ने, गराउने ।

(ञ) कार्यपालिका तथा सामाजिक विकास समितिले तोकेको अन्य कार्य गर्ने, गराउने ।

### परिच्छेद ५

## विविध

९. **भाग लिन नहुने** : परिषद् र समितिका कुनै सदस्य वा पदाधिकारीले आफ्नो निजी स्वार्थ भएको कुनै काम कुरामा भाग लिन हुदैन ।

१०. **उपसमिति वा कार्यदल गठन गर्न सक्ने** : परिषद् वा समितिले यस कार्यविधि बमोजिम आफूले गर्नु पर्ने कुनै कार्य सम्पादन गर्नका निमित्त आवश्यकता अनुसार बढीमा पाँच सदस्यीय उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

११. **पारिश्रमिक, सुविधा तथा बैठक भत्ता** : (१) समिति र परिषद्का पदाधिकारी तथा सदस्यले कार्यपालिकाले तोके बमोजिमको दरमा बैठक भत्ता पाउनेछन् ।

(२) वर्षमा बढीमा छ वटासम्म बस्ने बैठकको लागि मात्र बैठक भत्ता उपलब्ध गराइनेछ ।

१२. **वार्षिक प्रतिवेदन** : (१) समितिले आफूले वर्षभरीमा सम्पादन गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र सम्बन्धित वडाका वडाध्यक्ष र परिषद् समक्ष पेश गर्नु पर्नेछ

र वडाध्यक्षले उक्त प्रतिवेदन वडा समितिको बैठकमा प्रस्तुत गरी सामाजिक विकास समितिमा पेश गर्नु पर्नेछ ।

(२) परिषद्ले आफूले वर्षभरीमा सम्पादन गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र सामाजिक विकास समितिका संयोजक समक्ष पेश गर्नु पर्नेछ र सामाजिक विकास समितिका संयोजकले उक्त प्रतिवेदन सामाजिक विकास समितिको बैठकमा प्रस्तुत गरी कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

१३. **निर्देशन दिन सक्ने** : (१) कार्यपालिका तथा समाजिक विकास समितिले दिएको निर्देशन पालना गर्नु यस कार्यविधि बमोजिम गठित समिति र परिषद्को कर्तव्य हुनेछ ।

१४. **संरक्षक सम्बन्धी व्यवस्था** : (१) परिषद्को संरक्षक सामाजिक विकास समितिका संयोजक हुनेछन् ।

(२) समितिको संरक्षक सम्बन्धित वडाका वडाध्यक्ष हुनेछन् ।

१५. **सहयोग गर्नु पर्ने** : यस कार्यविधि बमोजिम गठित परिषद् र समितिको काम कारवाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१६. **समिति र परिषद्को विघटन** : (१) यस कार्यविधिमा उल्लिखित उद्येश्य बमोजिम काम गर्न नसक्ने समितिलाई सम्बन्धित वडाको वडा समितिले विघटन गर्न सक्ने र सोको जानकारी सामाजिक विकास समितिलाई गराउनु पर्नेछ ।

(२) यस कार्यविधिमा उल्लिखित उद्येश्य बमोजिम काम गर्न नसक्ने परिषद्लाई सामाजिक विकास समितिको सिफारिशमा कार्यपालिकाले विघटन गर्न सक्नेछ ।

१७. **विषयगत समितिका संयोजक परिषद्को अध्यक्ष हुन नपाउने** : यस कार्यविधिको अन्यत्र नियममा जुनसुकै कुरा लेखिएको भए तापति गाउँ कार्यपालिका मातहतको विषयगत समितिका संयोजकहरु यस कार्यविधि बमोजिम गठन हुने परिषद्को अध्यक्ष हुन पाउने छैनन् ।

१८. **कार्यपालिकासँग सम्पर्क** : परिषद्ले कार्यपालिकासँग सम्पर्क राख्नु पर्दा सामाजिक विकास समिति मार्फत राख्नु पर्नेछ ।

१९. **मापदण्ड बनाउने अधिकार** : यस कार्यविधिको कार्यान्वयन गर्नका लागि सामाजिक विकास समितिको सिफारिशमा कार्यपालिकाले आवश्यक मापदण्डको तर्जुमा गर्न सक्नेछ ।

२०. **बाधा अड्काउ फुकाउने** : यस कार्यविधिमा उल्लिखित प्रावधान कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ आईपरेमा कार्यपालिकाले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

आज्ञाले,
सन्तोष घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

हल्दीबारी राजपत्र